# पाल्पा जिल्ला अदालत

## तानसेन पाल्पा

## सिलवन्दी दरभाउपत्र आव्हान सम्वन्धी सूचना

**सूचना नं- १/२०७४/७५**

प्रथम पटक प्रकाशित मिति: २०७४/०६/०२

यस अदालतमा ग्यारेज, सेड र स्तनपान कक्ष निर्माण कार्य सिलवन्दी दरभाउपत्रको माध्यमद्वारा गराउनु पर्ने भएकोले नेपाल सरकारबाट ईजाजत प्राप्त ईच्छुक नेपाली निर्माण व्यवसायीहरूवाट निम्न शर्तको अधीनमा रही रीतपूर्बक सिलवन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

१. दरभाउपत्र फारम यस अदालतवाट सूचना प्रकाशित भएको मितिले २४ (चौविस) दिन भित्र प्रोपराइटर वा निजको अधिकृत प्रतिनिधिबाट तपसिलमा उल्लेखित दस्तुर तिरी (पछि फिर्ता नहुने गरी) फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाण पत्र, व्यवसाय दर्ताको इजाजतपत्रको प्रतिलिपी, आ.व. २०७३/७४ सम्मको करचुक्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र स्थायी लेखा दर्ता नंवरको प्रतिलिपिको साथमा खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नवाझिएको र सम्वन्धित व्यवसाय सम्वन्धी कसूरमा आंफूले सजाय नपाएको भनी लिखित रूपमा गरेको घोषणा सहित निवेदन पेश गरी कार्यालय समय भित्र खरिद गर्न सकिनेछ ।

२. खरिद गरिएका दरभाउपत्र फारम नियमानुसार भरी, प्रत्येक पानामा सहिछाप गरी सूचना प्रकाशित भएको मितिले २५ (पच्चीस) औं दिन दिनको १२.०० बजेभित्र यस अदालतमा सिलवन्दी रूपमा दाखिला गर्न सकिने छ । दाखिला हुन आएका दरभाउपत्रहरू सोही दिनको २.०० बजे यस अदालतमा उपस्थित दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरू र कार्यालयका प्रतिनिधिहरूको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरू उपस्थित नभएतापनि सिलवन्दी दरभाउपत्र खोल्न कुनै वाधा पर्ने छैन ।

३. दरभाउपत्र फारम खरिद वा दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा अदालत खुले लगत्तै सोही निर्धारीत समयमा खरीद गर्न वा बुझाउन सकिने छ ।

४. सिलबन्दी दरभाउपत्र फारम राखि पेश गरिएको खामको वाहिर पट्टी फर्मको नाम, कामको बिवरण, दरभाउपत्रदाताको नाम ठेगाना र मोवाईल नंवर स्पष्ट रूपमा लेखिएको हुनुपर्नेछ ।

५. दरभाउपत्रको मान्य अवधि सिलवन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिवाट ४५ (पैतालिस) दिनको हुनेछ र दरभाउपत्रकासाथ कोष तथा लेखा नियन्त्रक कार्यालय तानसेन, पाल्पामा रहेको धरौटी खाता नं ३०३०२०३००००००० मा आफूले जमानत वापत जम्मा गरेको धरौटी रकमको सक्कलै बैंक भौचर वा कम्तीमा ७५ (पचहत्तर) दिन अवधि भएको नेपाल सरकारबाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकहरूबाट सो रकम वरावरको यस अदालतको नाममा जारी गरिएको जमानत (बिडबण्ड) पेश गर्नु पर्ने छ ।

६. सिलवन्दी दरभाउपत्र फाराममा दररेट उल्लेख गर्दा अकं र अक्षर दुवैमा स्पष्ट लेख्नुपर्नेछ । अकं र अक्षरमा फरक देखिएमा अक्षरलाई मान्यता दिईनेछ ।

७. एउटा फर्मको नाममा खरिद गरिएको दरभाउपत्र अर्को फर्मको नाममा दाखिला गर्न पाईनेछैन ।

८. कार्यालयवाट उपलब्ध दरभाउपत्र फाराममा थपघट गरिएको, रीत नपुगेको, म्याद नाघी पेश हुन आएको तथा कुनै शर्त राखी पेश गरेको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन साथै सिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस अदालतमा सुरक्षित रहनेछ ।

९. सिलवन्दी दरभाउपत्र पेश गर्ने फर्मदाताहरूले निर्माणस्थलको निरीक्षण गर्न सक्नेछन र दरभाउपत्र पेश गर्ने दरभाउपत्रदाताले निर्माणस्थलको निरिक्षण गरेको मानिनेछ ।

१०. अन्य कुराको जानकारी आवश्यक भएमा यस अदालतमा कार्यालय समय भित्र फोन नं. ०७५-५२०११० मा सम्पर्क गर्न सकिनेछ ।

११. यसमा उल्लेख नभएका कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३, तथा सार्वजजिक खरिद नियमावली २०६४ वमोजिम हुनेछ ।

| सि.नं | खरिद नं. | कामको बिवरण | ल.ई.रकम मु.अ.कर र कन्टेन्जेन्सी बाहेक | जमानत रकम | वोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|
| १ | ०१/२०७४/०७५ | ग्यारेज, सेड र स्तनपान कक्ष निर्माण कार्य | ६२२७०९।४१ | १८५००।०० | १०००।०० |

२०७४।६।२

श्रेस्तेदार

शाखा अधिकृत